# वार्षिक प्रतिवेदन

# २०८२/०८३

SaMi

सुरक्षित आप्रवासन कार्यक्रम

घिरिङ गाउँपालिका

तनहुँ

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## आर्थिक वर्ष २०८२/०८३

# वार्षिक प्रतिवेदन

# २०८२/०८३

## परिचय

सामी कार्यक्रम नेपाल सरकार र विकास साझेदारहरुको सहकार्यमा संचालन हुदै आएको सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रम हो । यसको प्रमुख उद्देश्य बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित गराउनु हो । बैदेशिक रोजगारीमा जाने, विदेशमा रहेका, फर्किएका र उनीहरुका परिवारलाई आवश्यक सिप, सुचना, परामर्श,मनोसामाजिक सहयोग, वित्तिय साक्षरता तथा पुन एकिकरण सेवा उपलब्ध गराउनु हो । यो कार्यक्रम संघिय सरकार मा युवा श्रम तथा रोजगार मन्त्रालय, प्रदेशमा सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय र स्थानिय तह सहित ३ नै तहको सरकारको भुमिका तथा संयुक्त संयोजनमा संचालित रहेको छ र स्थानिय सरकार मार्फत संचालन हुने हुदा यस कार्यक्रमले बैदेशिक रोजगारी संग सम्बन्धित जोखिम न्यूनिकरणमा भुमिका खेल्ने र श्रमिकको अधिकार संरक्षण र सामाजिक आर्थिक सशत्तिकरणमा योगदान पुयाउछ । यसै प्रतिवेदनमा आर्थिक वर्ष भरि सम्पन्न भएका कार्यक्रम तथा उपलब्धिहरु समावेश गरिएको छ ।

## लक्ष्य

बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित तथा जिम्मेवार बनाउदै बैदेशिक रोजगारीमा जाने, बिदेशमा रहेका,बिदेश बाट फर्किएका तथा उनीहरुको परिवारको सामाजिक र आर्थिक सशक्तिकरणमा योगदान रहेको छ ।

## उद्देश्य

- सुरक्षित बैदेशिक रोजगारी जान चाहने युवाले सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी ज्ञान, सिप र सुचना तथा परामर्श सेवा प्रदान गर्ने,
- बैदेशिक रोजगारीका क्रम मा हुने ठगी, शोषण, तथा मानव वेचविखन तथा अन्य जोखिम न्युनिकरण गर्नु
- श्रमिक तथा उनका परिवारलाई सिप,वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,
- बिदेश बाट फर्किएका आप्रवासी श्रमिकको एकिकरणमा सहयोग गर्ने
- स्थानिय तह, सरकोरवाला निकाय तथा समुदाय विच समन्वय गरि आप्रवासन सम्वन्धी सेवालाई विस्तार गर्नु

**आ. व. २०८२/८३ का प्रमुख उपलब्धिहरु (२०८२ पुष पछाडी)**

क). **व्यक्तिगत परामर्श सेवा**

- जम्मा प्राप्त केस : ९ (असार मसान्तर सम्म )
- पुरुष : ५ (जनजाति)
- महिला : ४ (दलित २ महिला, २ जनजाति महिला)

**ख). पारिवारिक मनोशिक्षा सेवा**

पुरुष :५

महिला :७

जम्मा :१२

**ग). बैदेशिक रोजगारी जाने पकियाका क्रममा ठगिएकाहरु र समस्यामा परेकाहरुलाई आप्रवासी स्रोत केन्द्र मा प्रेषण गरेको सेवा**

पुरुष :२

महिला : १

जम्मा :३

**घ). बैदेशिक रोजगारी जाने पकियाका क्रममा श्रम अवधि भित्र बिरामी र मृत्यु भएका परिवारले पाउने उपचार र सहायता रकम दावी का लागि FEWIMS बाट पक्रिया अगाडी बढाएको सेवा :** १/१ जना

**ड.). बैदेशिक रोजगारी जाने पकियाका क्रममा श्रम अवधि भित्र बिरामी भएकालाई घातक रोग दावी तथा मृत्यु भएका परिवारले पाउने आर्थिक सहायता रकम दावी का लागि ईन्सुरेन्स मा पेषण गरेको :** १/१ जना

हालसम्मको परामर्शस सेवाको सेवाग्राही : ९ जना

### च). अन्य कार्य तथा क्रियाकलापहरु

| क्रियाकलाप | ईभेन्ट सं. | पुरुष सेवाग्राही | महिला सेवाग्राही | जम्मा सेवाग्राही |
|---|---|---|---|---|
| सामुहिक मनोपरामर्श | | | | |
| विद्यालय स्तरमा मनोपरामर्श | | | | |
| सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सुचना प्रवाह् कार्यक्रम | १८ | २७१ | १११ | ३८२ |

### ❖ कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्था (भौतिक र वित्तिय प्रगति)

- निदेशिका बमोजिम समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सुचना प्रवाह् कार्यक्रम सन्चालन,
- आवश्यकता अनुसार मनोसामाजिक परामर्श दिने र सम्भावित सेवाग्राहि पहिचानका लागि घर भेट संचालन भईरहेको,
- कस्तो कस्तो समस्या देखिएमा मनोसामाजिक परामर्श सेवा खोज्ने शिर्षक रहेको मनोसामाजिक समस्या सम्वन्धी हाते पुस्तिका लगायत बैदेशिक रोजगारीसंग सम्बन्धित जानकारीमुलक हातेपुस्तिका तयार,
- वित्तिय प्रगतिका लागि ससर्त अनुदानको ७६.८ प्रतिशत वित्तिय प्रगति/खर्च भएको ।

### ❖ कार्यान्वयनमा देखिएका चुनौती तथा सुधारका प्रयासहरु

- समुदाय स्तरमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्या सम्वन्धि चेतना र शिक्षाको कमि,
- अरु स्वास्थ्य सेवा लिन सेवाग्राही आफै स्वास्थ्य संस्था जाने हुन्छ र मनोसामाजिक परामर्श सेवाग्राहिको घरमा गएर दिने हुदा किन घरमै आउदै छ केहि न केहि त पक्कै छ केहि न पाए किन आउथे जस्तो नजरले हेर्ने हुदा सम्बन्ध विस्तारमा समस्या,
- कुनै मानसिक स्वास्थ्य समस्या भएकोवा मनोसामाजिक समस्इा भएको हो भन्ने सेवाग्राही, परिवार र सरोकारवालाहरुलमा पनि स्वीकार्यता नहुनु
- मानसिक स्वास्थ्य समस्या भएको भन्न साथ समाजले हेर्ने र गर्ने व्यावहारमा धेरै फरक पनु

❖ **सुधारका प्रयासहरु**

- तालिममा सिकेका कुराहरुको सदुपयोग र सम्बन्ध विस्तारमा विशेष जोड
- सुपरिवेक्षक सर/मेडेमहरु संग प्रत्येक केसको फोन मार्फत छलफल हुने र सहि मार्गदर्शन लिने
- स्थानिय जनप्रतिनिधि, महिला स्वास्थ्या स्वंम सेविका, प्रहरी शिक्षक, समाजसेवी र सरोकारवालाहरु संग थप समन्वय गर्ने

**कार्यक्रमको तस्विरहरु :**

**शाखा : सुरक्षित आप्रवासन कार्यक्रम** - सामी कार्यक्रम सहजीकरण इकाई (सामाजिक विकास शाखा)








सुरक्षित आप्रवासन (सामी) कार्यक्रम
समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि
अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम


सुरक्षित आप्रवासन (सामी) कार्यक्रम
समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि
अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम


सुरक्षित आप्रवासन (सामी) कार्यक्रम
समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि
अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम



B















प्रतिवेदक

.........................

श्री समीर अधिकारी

मनोसामाजिक परामर्शकर्ता

सामी कार्यक्रम